## “विकास अभियानमा सर्व पक्षीय सहभागिता,
## समृद्ध नगर निर्माणको लागि कृषि, पर्यटन तथा लघुउद्यम हाम्रो प्रतिबद्धता”

श्रीमान सभाअध्यक्ष ज्यू
प्रमुख अतिथि ज्यू
मञ्चमा आसिन विशेष अतिथि ज्यूहरु
राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु
अतिथि प्रमुख जिल्ला अधिकारी ज्यू
नगरसभाका सदस्य ज्यूहरु,
सुरक्षा निकायका प्रमुख ज्यूहरु,
सम्पूर्ण कार्यालयका प्रमुख ज्यूहरु,
पत्रकार बन्धुहरु,
प्रत्यक्ष प्रसारणमा सहयोग गरी रहेका रेडियो कर्मी र रेडियो सुनि बसिरहनु भएका सम्पूर्ण नगरबासीहरु,
संघसंस्थाका प्रमुख एवं प्रतिनिधि ज्युहरु
अन्य उपस्थित सम्पूर्ण महानु भावहरु,
प्रमुख प्रशासकीय अधिकृत  लगायत सवै कर्मचारीहरु,

सभाअध्यक्ष महोदय,
नेपाली जनताको पटक-पटकको वलिदानीपूर्ण संघर्ष र विभिन्न जन आन्दोलनबाट मुलुकमा लोकतान्त्रीक गणतन्त्र स्थापना भएको तथ्य अवगत नै छ । संघिय लोकतान्त्रीक गणतन्त्र प्राप्तीको आन्दोलनका विभिन्न कालखण्डमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दै घाइते, अपांगता भएका, वेपत्ता नागरिक प्रति उच्च सम्मान र आदर प्रकट गर्दछु ।

जननिर्वाचित प्रतिनिधिले संविधान सभाबाट लेखिएको नेपालको संविधान जारी भएपछि वि.सं. २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई स्थानीय तहको सरकारको जिम्मेवारी सहित तेस्रो वर्षमा प्रवेश गरेका छौ । नेपालको संविधानको भाग १३ (स्थानीय कार्यपालिका) अर्न्तगत धारा २१४ को स्थानीय तहको कार्यकारीणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्य प्रणाली) अर्न्तगत धारा २३० को नगरपालिकाको राजस्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को नारायण नगरपालिकाको निती तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष पेश गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

उच्च समावेशी आदर्श वोकेको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण तथा संघीय, प्रदेश र स्थानीय तहको निर्वाचन बाट बनेको सरकारको माध्यमबाट अहिले नेपाली जनताले लोकतान्त्रिक अभ्यास गर्दैछन । स्थानीय सरकार संविधानको भावना बमोजिम संचालन गर्नका लागि कतिपय ऐन कानूनहरु निर्माणको क्रममा रहेको हुदाँ जनताले अपेक्षा गरको सिंहदरवार यद्यपी स्थानीय सरकारका वडा सम्म आउन नसकिरहेको अवस्थालाई पनी हामीले स्विकार्न पर्ने अवस्था विद्यमान छ । तर यस खाले अवस्था सधै नरहने तर्फ पनी आश्वस्त गराउन चाहान्छु ।

सभाअध्यक्ष महोदय,

हामीसंग सेवा र साधन सिमित छन । स्वभावैले हाम्रा माग र अपेक्षाहरु असिमिति छन् । सिमित साधन श्रोतमा जनसहभागिता र जन योगदान मिसाएर पूजिँ निर्माण गर्नु परेको छ । स्थानीय ढुङ्गा, गिट्टी र बालुवा आदि हामि संग केही छन् । यस नगरपालिकाको समग्र र समानुपातिक विकास कसरी गर्ने यस बारेमा सवैको चिन्तन, मनन, लगानी र सहयोगको खाँचो छ । यिनै पृष्ठ भूमिमा रहेर **समृद्ध नगर, आत्मनिर्भर नगर बासी, सफा नगर र सुखी नगरबासी**को अवधारणालाई आत्मसात गरेका छौ ।

**सभाअध्यक्ष महोदय,**

हामीले सार्वभौम नगरबासी समक्ष गरेका प्रतिवद्धताहरु केवल निर्वाचनमा विजय हासिल गर्ने खेलमात्र थिएनन, ती त हाम्रा आवश्यकतामा आधारित योजना तथा कार्यक्रमहरु थिए । हामी अहिले पनि तिनै प्रतिवद्धतालाई पुरा गर्ने अठोट सकल्प गरीरहेका छौ र तिनै प्रतिवद्धताबाट निर्देशित छौ । हाम्रो नारायण राम्रो नारायण बनाउन संघीय र प्रदेश सरकारसंगको सहयोग र समन्वयका साथ स्थानीय, उद्योगी, व्यापारी, समाजसेवी, संञ्चार कर्मि लगायत समग्र नगरबासीको सक्रिय सहयोग र सहभागिताको लागि जोड दिईने छ ।

**सभाअध्यक्ष महोदय,**

चा.लु आ.व.०७५।०७६को लागि दोस्रो नगरसभाबाट स्विकृत निति, योजना र बजेट हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । चा.लु आ.व.को हालसम्मको प्रगती विवरण यस सम्मानित नगरसभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

# आ.व.०७५।७६ को लागि हालसम्मको प्रगती विवरण

| आय विवरण र श्रोत | | प्रस्तावित खर्च विवरण | | आ.व.२०७५।०७६ जेष्ठ महिना सम्मको खर्च |
|---|---|---|---|---|
| **संघबाट प्राप्त श्रोत** | | | | |
| शर्शर्त अनुदान | १,९५,४०,००० | प्रस्तावित चालू खर्च | ८८५८१००० | ५,४९,४४,२९८।६६ |
| वित्तीय समानिकरण | ९,८२,००,००० | पूजिगत विकास खर्च | १७१४९१४७७ | ६,३५,३६,२३२ |
| राजस्व बाडफाडबाट प्राप्त रकम | ६,६६,३७,००० | शर्शर्त कार्यक्रम सञ्चालनका लागि | १९५४०००००० | १३,१८,२५,६४६।४ |
| सामाजिक सूरक्षा भत्ता | ३,८०,००,००० | सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन गर्न | ३८००००००० | २,५७,४९,८०० |
| जम्मा | **३९,८२,३७,०००** | बूहक्षेत्रिय पोषण कार्यक्रम सञ्चालन गर्न | २८६७००० | १५,५९,३८७ |
| | | सघीय सचितकोषमा फिर्ता गर्नूपने रकम | ५०६९७ | ५०,६९७ |
| **प्रदेशबाट प्राप्त श्रोत** | | | | |
| वित्तीय समानिकरण | ५२,५५,००० | | | |
| राजस्व बाडफाडबाट प्राप्त रकम | १२,८४,००० | | | |
| जम्मा | **६५,३९,०००** | | | |
| **अन्य** | | | | |
| आन्तरिक श्रोतबाट आम्दानी | १,००,००,००० | | | |
| बहुक्षेत्रिय पोषण कार्यक्रमबाट | १४,६७,००० | जम्मा | **४९६३९०१७४** | २७७६६६०६१।०७ |
| गतबर्षको जिम्मेवारी | ७२,६०६,२६६।७४ | | | |
| सडकवोड नेपाल | ४५,००,००० | | | |
| घाटा बजेट | ३०,४०,९०७२६ | | | |
| जम्मा | **९,१६,१४,१७४** | | | |
| कूल जम्मा | **४९,६३,९०,१७४** | | | |

**सभाअध्यक्ष महोदय,**

नगरको पहिचान, उत्थान तथा समृद्धिका लागि आफनो नगरक्षेत्र भित्रका विकास गर्न निम्नानुसारका क्षेत्रहरुलाई नगरस्तरीय योजनाको रुपमा छनौट गरी प्राथमिकिकरण गरिएको छ। जो निम्नानुसार रहेका छन्।

- नगर चक्रपथ।
- पञ्चकोशी कोटिला तालको पूर्वाधार निर्माण।
- वडा नं. १० मा हाईटेक नर्शरी पूर्वाधार निर्माण
- राईली त्रिपानी पर्यटकीय क्षेत्र पूर्वाधार विकासलाई निरन्तरता।
- नगरबासीलाई स्वच्छ, शुद्ध खानेपानी उपलब्धता।
- दैलेख श्रीस्थान, नाभिस्थान, कोटिला पञ्चकोशी मार्ग स्तरोन्नती।
- वडा.नं. १, २, ६ र ७ स्थित पंचदेवलहरुको मर्मत तथा संरक्षण।
- प्रत्येक वडामा वडास्तरीय खेलकुद पूर्वाधार निर्माण।
- एक वाड एक खुल्ला मैदान पूर्वाधार निर्माण।
- गणेशथान मन्दिरको पूर्वाधार निर्माणमा निरन्तरता।
- असल आमा प्रोत्साहन कार्यक्रम निरन्तरता
- कृषि हाटबजार व्यवस्थापन।
- खरको छाना मुक्त नगर घोषणा कार्यक्रम सुरुवात।
- मध्यपहाडी सडक खण्डको विक्रम चौर देखि छामघाट खोला सम्मको सडक खण्ड स्तरोन्नती कालो पत्रेका लागि आवश्यक व्यवस्था मिलाईने
- नगर प्रवेशद्वार चुप्रा क्षेत्रमा पार्क र मिनी जु व्यवस्थापन गरिने छ।

**अब म प्राथामिकताका आधारमा नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**आर्थिक विकास तर्फ**

**कृषि**

गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधिकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिईनेछ।

- स्थानीय स्तरमा उपलव्ध हुने खाद्यवस्तुको संरक्षण र प्रर्वद्धन गरी दैनिक खानपिनमा बजारको तयारी खानेकुरालाई निरुत्साहीत गर्न विद्यालय समुदाय देखी नै व्यापक अभियान चलाईने छ।

- हाल नारायण नगरपालिकाका वडा नं. २ र ११ मा व्यवसायिक तरकारी खेतीमा नगरका अन्य वडाहरु भन्दा निकै अगाडि रहेको र उक्त प्राङगारीक तरकारी खेति पद्धतिलाई विस्तारको लागि नगरपालिकाबाट कृषि सम्वन्धी क्रियापलापहरुलाई जोड दिदैं लगिने छ ।
- **एक वडा एक उत्पादन मा** जोड दिईनेछ । साथै सुन्तला, कागती, अमिलो, ज्यामिर, ओखर, आँप, नास्पती, केरा मेवा, आरु र लिचि जस्ता फलफूल उत्पादनलाई प्रोत्साहन र प्रवद्धन गरी नगरपालिकालाई फलफूलमा आत्मनिर्भर तर्फ अग्रसर गराईने छ ।
- **एक घर एक करेसाबारीको** अवधारणा अनुरुप सोही बमोजिमका कार्यक्रमहरु संञ्चालन गरिने छ । साथै बजार क्षेत्रमा कौशि खेतीको सुरुवात गरिने छ ।
- **एक घर गोठ, १० फलफूलका बोट** कार्यक्रम संञ्चालन गरिने छ ।
- कृषि क्षेत्रसंग आवद्ध रहेका संघ संस्था तथा सहकारी जस्ता विभिन्न आयोजना तथा परियोजनाहरु सग समन्वय गरी साझेदारीको अवधारणा अनुरुप कार्यक्रमहरु अगाडी बढाईने छ ।
- वडा नं. २, ६, ७,८ र ११ लाई तरकारी जोन बनाउन प्राङ्गारिक खेतीको लागी जैविक मलमा विशेष जोड दिइनेछ ।
- उत्पादित कृषि वस्तुहरु विक्रि वितरणको लागि डोकामा बोक्ने प्रणालीलाई निरुत्साहित गर्दै नगरमा उत्पादित कृषिजन्य वस्तुहरुलाई व्यवस्थित संकलन केन्द्र तथा हाट बजारको व्यवस्थापनमा जोड दिईने छ । यसका साथै उत्पादित वस्तुहरुलाई खेर जान नदिन शित भण्डार निर्माण गरिने छ ।

**पशु**

नारायण नगरपालिका भित्र पशुसेवा कार्यक्रमको माध्यमबाट पशुपालन क्षेत्रको व्यवसायीककरण, रोजगार प्रवर्द्धन, गरिवी न्यूनिकरण, पोषण, सुरक्षा र आयत प्रतिस्थापनको सुनिश्चितता गदै मासु निर्यातमा वृद्धि गर्नुका साथै पशुपालन व्यवसायलाई दिगो विकासमा टेवा पुऱ्याईने छ ।

- यस नगरपालीकालाई दुधमा आत्मनिर्भरका लागि व्यवसायीक उन्नत गाई तथा भैसीपालनमा जोड दिईने छ ।
- रोजगारीको शिलशिलामा दिनानु दिन विदेश पलायन हुने बेरोजगार यूवाहरुलाई रोजगार प्रवन्धको निमित्त भैसी पालन फर्म, बाख्रा पालन फर्म, बंगुर पालन फर्म, कुखुरा पालन फर्म केही व्यवस्थापन भई सकेको र आगामी वर्षमा पनि त्यस कार्यलाई निरन्तता दिईने छ ।
- पशुपालन व्यवसायमा रहेको जोखिमलाई न्यूनिकरण गरी कृषकलाई पशुपालन क्षेत्रमा आकर्षण गर्न सवै कृषकहरुलाई पशु विमा कार्यक्रममा सहभागी गराउन प्रोत्साहन गरिने छ ।
- भैसीपालनमा विषेश कार्यक्रम ल्याई थारो भैसी कटाईलाई निरुत्साहित गरी भैसीको संख्या तथा दुध उत्पादनमा वृद्धि ल्याई कृषकको जीवनस्तरमा सुधार गरिने छ ।

- वाखा पालन मार्फत कृषकको आयस्तरमा वृद्धि ल्याई मासु निर्यात कार्यलाई प्रोत्साहन गरिने छ ।
- घाँस खेतीमा आधारित व्यवसायिक पशुपालनको लागि हिउदे, वर्षे र वहुवर्षे घाँसको विउ, वेर्ना वितरण गरिने छ ।
- बंगुरपालन व्यवसायलाई प्रोत्साहन गरी मासु उन्पादनमा वृद्धि गर्नुका साथै कृषकको आयआर्जनमा बृद्धि गर्ने कार्यमा जोड दिईने छ ।
- यूवाहरुलाई विदेश पलायनबाट रोक्नका लागि व्यवसायीक पशुपालनमा एकपटकका लागि अनुदान उपलब्ध गराउने र उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई वढवा गरिने छ ।
- आम उपभोक्ताहरुको स्वास्थ्यलाई मध्येनजर गरी कृषकहरुले उत्पादन गर्ने पशुजन्य उत्पादन सफा र स्वच्छ उत्पादन गरी गुणस्तरमा सुधार ल्याउन व्यवस्थित पशुबधशाला निर्माण गरिने छ ।
- मासुजन्य पदार्थको उत्पादनको साथ सार्थै पोषणको लागि नियमित रुपमा जनताले उपभोग गर्ने वानीको विकासलाई समेत जोड दिईने छ ।
- जथाभावी रुपमा पशुपंक्षी वध गर्ने कार्यलाई निरुत्साहित गर्दै खसी वोका राँगाको वध गर्ने वधशालाको व्यवस्थित गरिनेछ ।
- व्यवसायीक दुध उत्पादन र बजारीकरणमा जोड दिईने छ । नगरमा उत्पादन भएका कृषि वस्तुहरुका लागि संकलन केन्दहरु व्यवस्थित गरिनेछ साथै उत्पादित वस्तुहरुको प्रसोधन तथा वजारीकरणमा जोड दिईनेछ ।

## पर्यटन

- नारायण नगरपालिकालाई कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न मुख्य पर्यटकीय स्थलहरुः कोटिला पञ्चकोशी ताल, कोतगडी, पञ्चदेवल, वेलासपुर, मालिका राईली त्रिपानी लाई विकास र विविधिकरण गरिने छ । साथै प्राकृतिक साँस्कृतिक धार्मिक, कृषि तथा वन पर्यटन साहसिक पर्यटन, होमस्टे पर्यटन क्षेत्रहरुको थप विस्तार गरिने छ ।
- ना.न.पा वडा नं. ११ को राईली देखी मालिका मन्दिरसम्म गुरील्ला पर्यटन पदमार्गको १६०० सिढी निर्माण भई सकेको र बाँकी सिढी तथा जेष्ठ नागरिकका लागी घोरेटो बाटो निर्माण कार्य अगाडी बढाईने छ ।
- नयाँ शहर निर्माण आयोजना बबरमहलको सहयोगमा ना.न.पा वडा नं. ३ को कूर्सुकोट भ्यु टावर सहिद पार्कको डि.पि.आर. सम्पन्न भई आवश्यक बजेटको लागी अगाडी बढाइएको छ ।
- नगरपालिका अन्तरगतका विभिन्न स्थानहरुमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातत्वका हिसावले महत्वपूर्ण स्थानहरुको अभिलेख कार्यलाई चुस्तदुरुस्त बनाउन नक्साङ्कन

गर्नुका साथसाथै नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातत्वका बस्तुहरुको खोजी गरी इतिहास पुनरलेखनमा आवश्यक पहल गरिने छ ।

**घरेलु तथा साना उद्योग**

- लघु उद्यमको माध्यमबाट जनताको आर्थिक अवस्था सुधार गर्दै लगिने छ ।
- नगर क्षेत्र भित्रका परम्परागत घरेलु तथा साना उधोगहरुको स्तर वृद्धि गरि आय आर्जनलाई बढावा दिने गरी विभिन्न कार्यहरु गरिने छ । नगरका विभिन्न स्थानहरुमा कच्चा पदार्थको उपलव्धता अनुसार घरेलु तथा साना उधोग स्थापना तथा प्रवर्द्धन गर्न सम्वन्धित सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वय गरी छाला जुत्ता, खुकुरी बनाउने, राडीपाखि उधोग, सिस्नो प्रशोधन,स्लेट उधोग र मसला उधोग प्रवर्द्धन तथा विस्तार गर्ने कार्यमा जोड दिईने छ ।
- नगर पालिकामा कम्तिमा १० वटा विभिन्न विषयको उधोगहरु एकै ठाँउबाट संञ्चालन गर्ने गरि औधोगिक ग्रामको स्थापना गरिने छ ।
- नगरमा विभिन्न विषयको सीप हासिल गरि वेरोजगार अवस्थामा रहेका जनशक्तिको अध्ययन गरि मेड्पा मोडेलबाट समय सापेक्ष कार्य योजना बनाई लागु गरिने छ ।

**माथि उल्लेखित आर्थिक विकास तर्फ रु २ करोड विनियोजन गरेको छु ।**

**सामाजिक विकास तर्फ**

- शिक्षा र स्वास्थ्यमा हालसम्म प्राप्त उपलब्धीलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाउने नीति लिएको छ ।

**शिक्षा**

गुणस्तर यूक्त शिक्षामा पहुँच पुऱ्याउन सामुदायिक विद्यालयलाई नमूनाको रुपमा संञ्चाल गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

नगरवासीहरु सवै शिक्षित होउन शिक्षाको ज्योतिबाट कोही पनि वञ्चित नहुन भन्नका लागि नगरमा नगर शिक्षा समिति गठन गरिएको छ । नगरमा संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा पठनपाठन सेवालाई प्रभावकारी राख्ने सिलशिलामा विद्यार्थी भर्ना तथा संख्याको आधारमा विद्यालयहरु समायोजन गर्न आवश्यक दरवन्दि मिलान गर्ने कार्यलाई पूर्णता दिन शिक्षा सम्बन्धि कानूनहरु निर्माण गरिएको छ । शिक्षा सम्बन्धि ५ वर्षे रणनीति तयार पारिएको छ । यसको साथै नगरमा शिक्षामा जोड दिन निम्नानुसारको कार्यक्रममा जोड दिईने छ।

- आधारभुत तहसम्मको शिक्षा अनिवार्य, निःशुल्क र बालमैत्री तथा माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः प्राविधिक र व्यवसायीक बनाउँदै लगिने छ ।
- विद्यालयमा शुसासन कायम गर्दै सम्पूर्ण विद्यालयलाई उत्कृष्ट सिकाई केन्द्रको रुपमा विस्तार गरिने छ ।

- साक्षरता, निरन्तर शिक्षा, जीवन उपयोगी शिक्षा,गृहणी शिक्षा र आयआर्जन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सामुदायिक सिकाई केन्द्रहरुलाई परिचालन गरिने छ ।
- गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि अभिभावक, विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ, नगर शिक्षा समिति र अन्य सरोकारवालाहरुलाई जवाफदेही बनाईने छ ।
- नगरशिक्षा नीति र योजनामा उल्लेखित शिक्षा सम्बन्धि नीति तथा कार्यक्रमहरु विद्यालय समायोजन र दरवन्दी मिलान, दिवा खाजा कार्यक्रम, फीडर विद्यालय, नमूना विद्यालय छनौट र विकास गरी अग्रेजी माध्यमबाट शिक्षण सिकाई, एकमुष्ट अनुदान, प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन, स्थानीय साधन स्रोत परिचालनको लागि स्थानीय पाठ्यक्रम निर्माण गरिने, हेलो नारायण रेडियो कार्यक्रम, सूचना र प्रविधिमा आधारित शिक्षण आदि जस्ता कार्यक्रम लागु गरिने छ ।
- विद्यालय नजाने तथा विचैमा विद्यालय छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न विद्यार्थी सिकाई उपलब्धि अभिबृद्धि गर्न बालबालिकाहरुलाई विद्यालयमा **ल्याऔ, टिकाउ र सिकाऔ भन्ने राष्ट्रिय अभियानलाई** प्रभावकारी बनाउन दिवा खाजाको व्यवस्था मिलाईने छ ।
- विद्यालयका संरचनाहरु बालमैत्री र अपाङ्ग मैत्री बनाउदै शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाईने छ ।
- शिक्षण सिकाई क्रियाकलापलाई प्रविधिमैत्रि वनाउन नगरका **एक वडा एक नमूना विद्यालय** छनोट गरी मल्टिमिडिया मार्फत पठन पाठनको व्यवस्था मिलाईएको छ ।
- सिपयूक्त शिक्षाका लागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमश स्तरोनन्तीको लागि आवश्यक पहल गरिने छ ।
- विभिन्न शैक्षिक प्रतिष्ठानहरुले गरिव, जेहेन्दार,दलित,जनजाती लगायतका लक्षित समुहहरुबाट प्रतिनिधित्व हुने गरी विभिन्न किसिमका अध्ययनका लागि मौका दिईरहेको अवस्थामा यस वर्ष यस नगरका ४ जना विद्यार्थीहरुलाई उपयुक्त मापदण्डका आधारमा छात्रवृत्तिमा अध्ययन गर्न पठाउने र अध्ययन पश्चात कम्तिमा ५ वर्ष उक्त व्यक्तिले नगरमा काम गर्नु पर्ने व्यवस्था मिलाईएको छ ।

**स्वास्थ्य**

**स्वस्थ नागरिक : समृद्ध नगर**' भन्ने मूल ध्येयका साथ नगरका सम्पूर्ण नगरवासीहरु स्वच्छ, स्वस्थ, र निरोगी रहन नगरक्षेत्रमा स्वास्थ्य सेवा सुलभ र सहज रुपमा प्रदान गर्न नगरको ध्यानाकर्षण भएको छ । सदरमुकाममा रहेको जिल्ला अस्पतालको सेवा सुविधालाई निरन्तरता दिदै स्तरोन्नतीमा जोड दिईने छ । सवै वडाहरुमा स्वास्थ्य चौकी, तथा शहरी स्वास्थ्य क्लिनिक, वर्थिङ सेन्टरको विस्तार गर्ने कार्यलाई

निरन्तरता दिईने छ । यसको साथसाथै नगरको स्वास्थ्य क्षेत्रको सेवा तथा पूर्वाधार विकासका लागि निम्नानुसारका कार्यहरुमा जोड दिईने छ ।

- स्वास्थ्यलाई आधाभूत मौलिक हकको रुपमा स्थापित गर्दै आधारभूत स्वस्थ्य सेवा निशुल्क प्रदान गर्ने व्यवस्था गरिने छ । आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था नभएको वडामा स्वास्थ्य चौकीहरु स्थापना गर्दै लगिने छ ।
- **म स्वस्थ, मेरो नगर स्वस्थ** बनाउन स्वास्थ्य प्रर्बधनात्मक कार्यक्रम तथा नगर सफाई कार्यक्रमलाई विशेष प्राथमिकता दिईने छ ।
- नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा बालबालिकाहरुको स्वास्थ्य परीक्षण गरी विद्यालयलाई प्राथमिक उपचार वाकसको व्यवस्था समेत गरिने छ ।
- धुम्रपान मध्यपानलाई निरुत्साहित गरी लागू औषध मुक्त नगरपालिका घोषणामा विशेष कार्यक्रमका साथ जोड दिईने छ ।
- नगरपालिका भित्रका गाउँघर क्लिनिक/खोप क्लिनिकलाई व्यवस्थित गर्दै आवश्यक औजार साम्रगीहरुको यथोचित व्यवस्थापन गरिने छ ।
- गरिब, असहाय, विपन्न र निमुखा व्यक्तिलाई स्वास्थ्य सेवा प्रदान गर्न कोषको स्थापना गरिने छ ।
- अशल आमा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ ।
- नगरपालिका स्वास्थ्य प्रोफाईल निर्माण गरी तथ्य घटनाको आधारमा स्वास्थ्य योजना तर्जुमा गरिने छ ।
- सवै स्वास्थ्य चौकीहरुलाई सूचना प्रविधि मैत्री बनाईने छ ।
- विभिन्न स्वास्थ्य सम्बन्धी दिवसहरुको अवसर पारी विविध उमेर समूहलाई लक्षित गरी चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ ।
- घरदैलोमा ज्येष्ठ नगरिक स्वास्थ्य परिक्षण तथा उपचार कार्यक्रम संचालन गरिनेछ साथै ज्येष्ठ नागरिक सँग अर्न्तक्रिया गरि उनिहरुका दिर्घजिवन सम्बन्धी अनुभव साटासाट गरिने छ ।
- **उप प्रमुख र गर्भवती महिला विच भेटघाट** कार्यक्रम संचालन गरि पोशिलो झोला उपहार दिइने व्यवस्था मिलाइने छ ।
- मानसिक रोग, मुटु रोग, मृगौला रोग, स्त्री रोगबाट बच्न विशेष व्यवस्था मिलाइने छ ।
- मौसमी विशेष रोगहरुबाट बचावटका लागी विविध स्वास्थ्य प्रवद्धनात्मक कार्यक्रममा जोड दिइनेछ ।
- उत्कृष्ट कार्य सम्पादनको लागि सवै महिला स्वास्थ्य स्वयमसेविकालाई आधारभुत तालिम तथा सिप आदानप्रदान गर्न अवलोकन भम्रण व्यवस्था गरिनेछ ।

- संघिय सरकारको स्वास्थ्य विमा कार्यक्रम लाई आत्मसाथ गर्दै सवै नगरवासीलाई स्वास्थ्य विमा कार्यक्रममा जोड्न पहल गरिनेछ ।
- रोग लागि उपचार गर्नु भन्दा रोग नलाग्ने उपाय अवलम्बनको लागि खेल, योगा, अर्गानिक सन्तुलित खाना र सकरात्मक सोच विकासमा विशेष जोड दिइने छ ।
- कुपोषण अन्त्य गरि स्वस्थ आमा तथा बच्चाका लागि विशेष योजना बनाई बहुआयामिक कार्यक्रम संचालन गरिनेछ ।

खानेपानी तथा सरसफाई

- नारायण नगर खानेपानीका निमित्त दायित्व रकम बुझाएका धारा जडान नभएकालाई यथाशिघ्र धारा जडान गराउने तथा खानेपानी नपुगेको ठाउँमा केन्द्र, प्रदेश सरकार सँग समन्वय गरि खानेपानीको व्यवस्थापन गरिनेछ ।
- खानेपानीको गुणस्तर निगरानी गरी स्वच्छ पानी वितरण गर्ने कार्यक्रमको व्यवस्था गरिने छ ।
- खानेपानीका स्रोतहरु नभएका स्थानहरु पहिचान गरि वर्षाको पानी संकलन, छाना/छतको पानी संकलन गर्ने कार्यको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- नगरवासीको क्रय शक्तिलाई मध्यनजर गरि यस नगरमा वितरण गरिएको खानेपानीको महशुल दरलाई बैज्ञानिक बनाइने छ ।
- नारायण न.पा. भित्रका विभिन्न वडामा सडक निर्माण गर्दा पाईप क्षति भई पानी आपूर्ति हुन नसकेकोमा नगर आफैले व्यवस्थापन गरी खानेपानी सेवा उपलब्ध गराईने छ ।
- निर्माण भएका सार्वजनिक शौचालयहरुको थप व्यवस्थापन गर्दै मानिसहरुको जमघट हुने स्थानमा थप सार्वजनिक शौचालय तथा घुम्ती शौचालय निर्माण गरिनेछ ।

**महिला , बालबालिका, जेष्ठ नागरिक तथा अपांगता**

- आर्थिक, सामाजिक र राजनैतिक रुपमा पछाडी परेका सम्पूर्ण महिलाहरुलाई मुलधारमा ल्याउन विशेष कार्यक्रम संञ्चालन गरिने छ ।
- लैगिक विभेदलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रमहरु संञ्चालन गरिने छ ।
- किशोरी सशक्तिकरण र बाल संरक्षणका लागि आवश्यक कार्यक्रम संञ्चालन गरिने छ ।
- जेष्ठ नागरीक, एकल महिला, अपाËता भएका व्यक्ति, हिंसा पिडीत महिलाका लागि सशक्तिकरण र पुनस्थापनाका लागि आवश्यक कार्यक्रम संञ्चालन गरिने छ ।
- महिला, बालबालिका, अपाËता भएका व्यक्ति र मानव अधिकार सम्वन्धी नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौतालाई अनुसरण गर्न आवाश्यक क्रियाकलापहरुको व्यवस्था गरिने छ ।

- मानव वेचविखन, जातीय विभेद तथा छाउपडी जस्ता कुरीतिलाई अन्त्य गरी सामाजिक न्याय स्थापनामा जोड दिईने छ ।
- सामाजिक, साँस्कृति, आर्थिक र राजनैतिक रुपमा पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग समुदायलाई मूल प्रवाहिकरण गर्न आवश्यक कार्यक्रम संञ्चालन गरिने छ ।
- सुकुमबासिहरुको बसोवास व्यवस्थापन तथा लामो समयसम्म भोक चलन भईरहेका जग्गाको धनि प्रमाण पुर्जा प्राप्त नगरेकालाई जग्गा धनि प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।
- नगरपालिकाका सबै वडाहरुमा टोलविकास संस्थाहरु गठन गरि टोल सुधारको अभियानलाई व्यापक अभियानको रुपमा संचालन गरिने छ ।
- यस नगरपालिकाका पिछडिएका वर्ग जातिबाट सम्पादन भएका उल्लेखनिय कार्यलाई प्रचारप्रसार गरिने संचारकर्मीलाई सम्मान गरिनेछ ।
- अपांगता तथा असाहय व्यक्तिहरुको लगत तयार गरी तीनिहरुलाई जिविकोपार्जनको लागि उद्यमशिलता तालिम मार्फत स्वरोजगारको अवस्था सृजना गर्न अपांग, असहाय परिचय पत्र वितरण गरिनेछ ।
- कला संस्कृती र साहित्य खेलकुद प्रत्रकारीता क्षेत्रका उत्कृष्ट श्रस्टाहरुलाई सम्मान गरिनेछ ।
- नगरपालिकाबाट संचालन भएका अभियानहरुलाई सार्थक तुल्याउन सहयोग गर्ने टोलविकास संस्था, गैरसरकारी संस्था र निजी क्षेत्रलाई सम्मान गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाहलाई जनताको घरदैलो सम्म पुऱ्याउन अपायक वडाहरु (४, ५, ९, १० र ११) लाई लक्षित गरि सवै प्रकारका सेवाहरुको विशेष घुम्ती सेवा संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक, अपांगको सम्मानको लागि हुने सम्पुर्ण सिफारिसहरु निशुल्क गरिनेछ ।
- वालविवाह अन्त्यका लागि सवै विद्यालयहरुमा सचेतना अभियान संचालन गरि जोखिममा रहेका वालवालीकाहरुको पुनस्थापनामा सहयोग गरिनेछ ।
- गरिव, दलित, विपन्न परिवारको सिप विकास गर्दै क्षमताको आधारमा रोजगारिको व्यवस्था गर्ने नीति लिइने छ ।
- हजार दिनका आमा र बच्चाहरुको स्वास्थ्य सुधारको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- नागरिक सचेतना केन्द्रका सदस्यहरुको जिवनस्तर सुधार गर्नका लागि सवै सचेतना केन्द्रहरुलाई सहकारीमा आवद्ध गरी विभिन्न कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- नारायण नगरपालिकाभित्र कार्यक्रम संचालन गर्ने गैर सरकारी संस्थाहरुको कार्यक्रम स्थानीय आवश्यकता र योजनाका आधारमा मात्र संचालन गरिने निति लिएको छ ।

**खेलकुद**

- स्थानीय टुडिखेल र काँडेचौर मैदानलाई खेलकुद योग्य मैदान बनाउँदै लगिने छ।
- खेलकुद प्रवर्धनको लागि नगरस्तरिय खेलकुदलाई प्राथमिकता दिई युवाहरुमा सकरात्मक सोच, शारिरिक सुगठन कायम गरिनेछ।
- युवालक्षीत कर्भडहल निर्माण कार्य संचालन भईसकेको र नारायण नगरपालिका वडा नं. २ माल्लीमा प्रदेश स्तरीय खेलमैदान निर्माणका लागि आवश्यक पर्ने बजेटका लागि संघ र प्रदेश सरकारसँग माग गरिने छ।

**माथि उल्लेखित सामाजिक विकास कार्यक्रम संञ्चालनका लागि रु ३ करोड ५० लाख रुपैया विनियोजन गरेको छु।**

**पूर्वाधार विकास तर्फ**

**सडक**

- नगरमा सुलभ यातायात सेवा पुऱ्याउन खोलिएका ट्रयाकलाइ स्तरोन्नती गर्ने र पुराना सडकहरु निर्माण तथा मर्मत गर्ने कार्यलाई जोड दिएको छ।
- नारायण नगरपालिकाको सदरमुकामदेखि ११ वटै वडा कार्यालयहरुमा जोडिएका सडकहरुलाई १२ महिना चल्ने बनाइनेछ साथै सडकको साइडमा वायो ईन्जिनियरीË पद्धतीबाट सडक पाखा संरक्षण गर्ने व्यवस्था मिलाईने छ।
- बडाआवत चोक देखि भनभने चौराठा कृषि सडक निर्माण कार्य,बडाआवत चोक देखी जार्जखोला जुफिँया सडक, खुर्सानिबारी तामे सडक, खड्क प्रावि चोक खरिगैरा सडक, पुरानो बजार विदाई चौतारा हुँदै बात्थला सडक,लोहोरे लामतडा देखी राईली त्रिपानी हुँदै चौराठा सडक निर्माणका निमित्त संघीय सरकार, कर्णाली प्रदेश सरकारबाट वजेट व्यवस्थापन गरी केहीको टेन्डर भई कार्य संञ्चालन भईसकेको र बाँकी टेन्डर प्रक्रियामा रहेको छ।
- बसाई सराई दरलाई न्यूनीकरण गर्ने उदेश्यबाट सरस्वती प्रा.वि.-इटाखानी-गहतारी,किमूगाउँ-नयाँ गाउँ विजौरा खुर्सानिबारी-कालिमाटि-भुर्ति पञ्चदेवल ढुङ्गेखानी-विदाई चौतारा-वाजथला-बास्कोट-सरस्वती प्रा.वि. सम्मलाई रिË रोड निर्माण गर्न ९ किलोमिटर सडकको डि.पि.आर. तयार भई टेन्डर भई सकेको छ।
- सुर्खेत-दैलेख महावु-जुम्ला सडक नयाँ शहर आयोजना मार्फत डि.पि.आर.
  निर्माण गरी आवश्यक बजेट व्यवस्थापन गरिदै छ।

**सिँचाइ**

- सिँचाई डिभिजन र साना सिँचाई परियोजनासँग आपसी साफ्ेदारीमा सम्भावित सिँचाई आयोजनाहरु संञ्चालन गरि सिँचाई सुविधा उपलव्ध गराईने छ।

- सिचाईका श्रोतहरुको( थोपा सिँचाई, पोखरी, नहर) पहिचान गरि खेतियोग्य जमिनमा सिचाई सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिइने छ ।
- लिफ्टीङ जस्ता उपयुक्त प्रविधीको प्रयोग गरि  लोहोरे खोला र छामाघाट खोलाबाट  विभिन्न ठाउँमा  आवश्यकता अनुसार सुख्खा र टाहारिया क्षेत्रमा सिचाई सुविधा उपलब्ध गराइनेछ ।
  **माथि उल्लेखित पूर्वाधार विकास कार्यक्रम संञ्चालनका लागि रु ९ करोड ५० लाख  २२ हजार रुपैया विनियोजन गरेको छु ।**

## वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

### वन, वातावरण

वर्तमान अवस्थामा दिनहु वनजंगलको दोहन हुदै गएको र सोको प्रतिस्थापन कार्य अर्थात वृक्षारोपण तथा सोको प्रभावकारीतामा केही ह्रास हुदै गएको हुँदा वातावरणीय अनुकूलतामा प्रभाव पर्न गएको तथ्य सर्वविदितै छ । नगर स्वच्छ, हराभरा, सुन्दर र वातावरणीय अनुकूलताको लागि हरेक नगरवासीलाई आ-आफनो घरआँगनमा वहूवर्षिय कम्तिमा दुईवटा रुख विरुवा हुर्काउन प्रोत्साहान गरिने छ । यसका साथै यस क्षेत्रमा नगरमा निम्न क्रियाकलापहरुमा जोड दिईने छ ।

- जलवायु परिवर्तन अनुकूलन परियोजना सँग समन्वय गरी यस नगरका वडा नं. २, ४, ९, १० जलवायु तथा वातावरण अनुकूलन सम्बन्धि कार्यहरु भई रहेको र बाँकी वडाहरुमा आगामी आ.व.मा उक्त परियोजनाबाट कार्यक्रम संञ्चालन गरिने छ ।
- जथाभावी रुपमा सडक विस्तार गर्ने वस्ती वसाउने तथा वनजंगल विनाश गर्ने कार्यलाई निरुसाहित गरिने छ ।
- पूर्वाधार निर्माणमा भएको वनजंगल विनाश  कार्यलाई निरुत्साहित गर्न सम्बन्धित पक्ष/सरोकारवालाहरु सँग समन्वय गरी तोकिएको मापदण्ड अनुसार वृक्षारोपण अनिवार्य रुपमा गर्ने ।
- जथाभावी रुपमा बाढीपहिरो रोकथाम गर्न बाँस, निगालो, अम्मलीसो, भुई घाँस, जस्ता वायो ईन्जिनीयरिङ्ग प्रविधिलाई प्रोत्साहन गरिने छ । साथै उक्त स्थानहरुमा सुख्खा प्रखाल र तारजाली भर्ने विधिलाई समेत समावेश गरिने छ ।
- सडक निर्माण प्रक्रिया सँगसगै सडकको दाँया वाँया अनिवार्य रुपमा वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

- गल्छि खोला किनाराहरुमा भू-क्षय हुनबाट बचाउन र पानीको प्राकृतिक वहावलाई निरन्तरता दिने उपायहरुको अवलम्बन गरिने छ।

**भू संरक्षण**

- अति उच्च जोखिममा रहेका जलाधार क्षेत्रलाई पहिचान गरि  त्यसको प्राथमिकरण गरी त्यस क्षेत्रमा संरक्षणका कार्यहरुलाई प्रोत्साहन गरिने छ।
- गल्छी/पहिरो रोकथाम खोला किनारा संरक्षण  सिचाई कूलो मर्मत सडक पाखो संरक्षण क्षतिग्रस्त भूमिसुधार कृषि वन मैत्री कार्यक्रम संञ्चालन गरिने छ।
- विकासका गतिविधिहरुमा वातावरणीय अनुकुलनलाई जोड दिईने छ।

**बजार व्यवस्थापन**

नारायण नगरपालिका जिल्ला सदरमुकाममा रहेको छ। सदरमुकामको पुरानो बजार र भूगोलको बनोटको कारण  बजार क्षेत्र साँघुरो रहेको हुँदा यसमा सडक र नाली व्यवस्थापन गर्ने कार्यमा चुनौति रहेको छ। हाल बजारमा नयाँ निर्माण हुने भवनहरु भवन मापदण्ड अनुसार नगर्ने कार्य लाई  निर्माण गर्ने  नियमन गर्ने गरिएको भएता पनि पुराना घरहरुका कारण सडक अझै फारकिलो हुन सकेको छैन। बजार क्षेत्रका  सडकहरुमा  कालोपत्रे र नाली व्यवस्थापन गर्ने कार्यमा निरन्तरता दिईएको छ। तथापी बजार व्यवस्थापनलाई निरन्तरता दिन निम्नानुसार कार्यहरु गरिने छ।

- नगरका विभिन्न स्थाना एकिकृत वस्ती विकास योजना लागु गरीने छ।
- दैनिक रुपमा बजारबाट निस्किने फोहोरलाई व्यवस्थापनको लागि ल्यान्डसफिल्ड साईडको व्यवस्था मिलाईने छ।
- नगरका सडकहरुमा जथाभावी फोहर फ्याक्ने कार्यलाई निरुसाहित गदै नगरवासीहरुले आफनो घरबाट निस्कने फोहरहरुलाई सड्ने र नसड्ने छुट्टायाई सड्ने, गल्ने फोहरलाई घरमै कुहाँएर मलको रुपमा प्रयोग गर्ने कार्यलाई प्रोत्साहन दिईने छ। नसड्ने फोहरहरुलाई दिनहु घर टोलको तोकिएको निश्चित स्थानमा राखी नगरपालिका कार्यालयबाट फोहर व्यवस्थापन  गर्न तथा नगर स्वभायमान सुन्दर गराउनको  निमित्त **एक घर दुई गमला दूई डस्टविन** व्यवस्था मिलाईने छ।
- बजार क्षेत्रमा विभिन्न व्यापारीक प्रयोजनका लागि सडक, सडकपेटी र सटर/ ढोका बाहिर सामानहरु राख्ने कार्यलाई पूर्ण बन्देज लगाईने छ।
- नगर क्षेत्रमा जथाभावी रुपमा होडिङबोर्ड राख्ने व्यानर, पोष्टर टाँस्ने कार्य अशोभनीय भएको हुँदा उक्त कार्य गर्दा नगरपालिकाको अग्रीम स्वीकृती लिनु पर्ने छ।अग्रीम स्वीकृती नलिई राखिएका होडिङबोर्ड तथा व्यानर पोष्टरहरु नगरपालिकाबाट हटाईने व्यवस्था मिलाईने छ।
- सडक बत्तिहरुको मर्मत सुधारका लागि निरन्तरता दिईने छ।

- ल्यान्डसफिल्ड साईड निर्माणको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- वातावरण स्वच्छ र सफा राख्नका लागि सक्सन मेसिन प्रयोग गरिने छ ।
- हरित पार्क स्थापना गरिने छ ।
- फोहोर वर्गिकरण गरि विर्सजन गरिने छ ।
- खुला मैदान पहिचान गरीने छ ।
- नगर स्तरीय तथा वडा स्तरीय विपत व्यवस्थापन गरी सकेकोले कोष निर्माण गरी कार्य संचालन गरीने छ ।
- नगर क्षेत्रको ढल निर्माणमा विशेष जोड दिइने छ ।

**माथि उल्लेखित वन तथा वातावरण कार्यक्रम संञ्चालनका लागि रु ७५ लाख विनियोजन गरेको छु ।**

**सुशासन तथा संस्थागत विकास तर्फ**

नगरले दैनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरु प्रभावकारी रुपमा संचालन गर्न प्रयासरत रहेको छ । उक्त कार्यहरु गर्दा गरेको जस्तो देखिनलाई सुशासनका औजारहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसलाई परिपूर्ति गर्नको लागि केन्द्रबाट प्राप्त स्वीकृत दरवन्दी अनुसार कर्मचारीको व्यवस्था मिलाउने कार्य जारी रहेको छ । कार्यालयमा सूचना प्रविधिको प्रयोग गरिएको छ । यसलाई थप परिमार्जन गरिदै लगिने छ ।

कानुन निर्माण

स्थानीय तह एक स्वतन्त्र निकाय भएकोले नगरमा गरिने विभिन्न किसिमका सेवा प्रवाह तथा नियमन लगायत शुसासनका कार्यहरु गर्दा आवश्यक पर्ने कानूनहरुको निर्माण गर्ने कार्यलाई यस नारायण नगरपालिकाले निरन्तरता दिदै आएको छ । संघबाट कानून सम्बन्धी प्राप्त खाकाहरुलाई नगरको आवश्यकता अनुसार देहायनुसारका ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, आचारसंहिता जस्ता कानूनहरुको प्रक्रियागत रुपमा सम्बन्धित कानून व्यवसायीहरुको सहयोगमा निर्माण गरि नगरपालिकाको कार्यपालिकाबाट पारित गरि ऐनहरुको हकमा अनुमोदनको लागि यस सम्मानीत नगरसभामा पेश गरिएको छ । जो निम्नानुसार रहेका छन् ।

**<u>ऐन , नियम,कार्यविधि र निर्देशिका</u>**

१) अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण सम्वन्धि कार्यविधि

२) टोल विकास संस्था गठन तथा संचालन सम्वन्धि कार्यविधि

३) वहुसरोकारवाला सामाजिक जवाफदेहिता मन्चको वैठक संचालन सम्वन्धि कार्यविधि

४) नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि

५) गैरसरकारी संस्था समन्वय,परिचालन तथा अनुगमन सम्वन्धि निर्देशिका
६) जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका
७) सार्वजनिक निजि साझेदारी ऐन
८) अनाथ तथा जोखिमयुक्त वालवालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम ऐन
९) लेखा समितिको कार्य संचालन नियमावली
१०) मेला महोत्सव व्यवस्थापन कार्यविधि
११) कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने कार्यविधि
१२) तालिम संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि
१३) योजना तथा कार्यक्रम संचालन ,कार्यान्वयन र फरफारक सम्वन्धि कार्यविधि
१४) फोहोरमैला व्यवस्थापन कार्यविधि
१५) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि
१६) सार्वजनिक निजि साझेदारी योजना संचालन तथा व्यवस्थापन निर्देशिका
१८) नगर शिक्षा कोष संचालन कार्यविधि
१९) गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन कार्यविधि
२०) स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि
२१) स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्वन्धि कार्यविधि
२२) नगर विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न वनेको कार्यविधि
२३) गुनासो व्यवस्थापन कार्यविधि

साथै संघ तथा प्रदेशबाट प्राप्त हुने कानूनहरुको निर्माण प्रक्रिया जारी रहने छ। नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा सुचना प्रविधि मैत्रीको अवलम्वन गरिने छ।

**न्यायिक समिति**

- यस नारायण नगरपालिकाको न्यायिक समिती संचालनार्थ छुट्टै कोषको स्थापना गरि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

**अन्य**

- यस नारायण नगर क्षेत्र भित्र कार्यरत विभिन्न गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु सँग आपसी समन्वय तथा साझेदारीमा लक्षित वर्गहरुको उत्थान कार्यमा जोड दिईने छ।
- नगर दर रेट निर्धारण समितिले नगर कार्यपालिकामा पेश गरेको नगर स्तरीय दररेट परिमार्जन सहित पारितहुने गरी सभामा पेश गरेको छु।

- नारायण नगर पालिका क्षेत्र भित्र रहेका जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग, उत्कृष्ट करदाता र निर्माण व्यवसायी, उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान तथा प्रोत्साहन गरिने व्यवस्था मिलाईने छ ।
- नगरको सवै क्षेत्रलाई ओगटेर बस्तुगत विवरण तयार भैसकेको र सोही आधारमा नगर गुरुयोजना निर्माणका प्रक्रिया अगाडी बढिसकेको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत नगरका २०३ वेरोजगार युवालाई नगरको समग्र विकासमा सहभागि गराइएको छ तापनि नगरका वेरोजगार यूवाहरुको संख्या एकिन गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँगको आपसी समन्वय एंव साझेदारीमा यूवा स्वरोजगारीका कार्यक्रमहरु संचालन गरिने छ ।
- हाल नगरका वडा नं. ४, १० र ११ मा विधुत सेवा उपलब्ध गराउने उद्देश्यले नगरपालीकाको १० प्रतिशत र सामुदायिक विधुत प्राधिकरणको ९० प्रतिशत रकम साझेदारीमा टेन्डर भइसकेकामा आगामी आ.व.मा विद्युत सेवा विस्तार गरिनेछ ।

**माथि उल्लेखित शुसाशन कार्यक्रम संञ्चालनका लागि रु ११ करोड ३ लाख ६ हजार विनियोजन गरेको छु ।**

**<u>बहुक्षेत्रीय पोषण कार्यक्रम</u>**

- नेपालमा मातृशिशु तथा किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन र दीर्घ कुपोषणलाई न्यूनिकरण गर्नका लागि नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना अन्तरगत यस नगरपालिकाको ११ वटै वडामा कार्यक्रमलाई निरन्तरता दिदैं बालबालिकाको कुपोषणको अवस्थालाई विश्लेषण गरी कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघ/संस्थाहरुले नगर क्षेत्र भित्र संचालन गरेका क्रियाकलापहरुको निरन्तरता दिईने छ ।

**सभाअध्यक्ष महोदय,**

नारायण नगरपालिका क्षेत्र भित्र रहेका जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता, एकल महिला लाई प्रदान गरिने सामाजिक सुरुक्षा भत्ता कार्यलाई  निरन्तरता  दिईने छ ।

**सभाअध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७६।०७७ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर आगामी आर्थिक वर्षको राजश्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गर्न चाहन्छु :

  (क) सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,

  (ख) आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रबर्द्धन गर्ने,

  (ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,

  (घ) कर कानूनको पालनामा जोड दिँदै करछली तथा चुहावट नियन्त्रण गर्ने,

  (ङ) गैरकर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजस्व वृद्धि गर्ने ।

- नगरमा करका क्षेत्र पहिचान गरी छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैर कर असुली तथा संकलन कार्य प्रभावकारी बनाइने छ ।
- कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावी बनाइने छ । आफ्नो अधिकारक्षेत्रभित्र पर्ने कर नगर आफैले संकलन गर्ने र प्रदेश र संघ सरकारको अधिकार क्षेत्रभित्र पर्ने कर संकलनमा समन्वयात्मक रुपले कर असुली गरिने छ ।
- आगामी आर्थिक वर्षमा यस नगरपालिकामा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनका अनुसूचीहरूमा उल्लेख गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

अव म माथिका क्षेत्रगत निति तथा कार्यक्रमहरु कार्यन्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गरेको छु ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यन्वयन गर्न रु ५० करोड २६ लाख ९५ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये निम्नानुसार प्रस्ताव गरेको छु ।

## आ.व.०७६।७७ को लागि प्रस्तावित निम्नानूसारको आय व्ययको विवरण

| आय विवरण र श्रोत | |
|---|---|
| **संघबाट प्राप्त श्रोत** | |
| शशर्त अनुदान | १८१४००००० |
| वित्तीय समानिकरण | १०५७००००० |
| राजस्व बाडफाडबाट प्राप्त रकम | ७९१००००० |
| सामाजिक सूरक्षा भत्ता | ४५०००००० |
| जम्मा | **४११२०००००** |
| | |
| **प्रदेशबाट प्राप्त श्रोत** | |
| वित्तीय समानिकरण | १००७८००० |
| राजस्व बाडफाडबाट प्राप्त रकम | २०५६००० |
| जम्मा | **१२१३४०००** |
| **अन्य** | |
| आन्तरिक श्रोतबाट आम्दानी | ११०००००० |
| बहुक्षेत्रिय पोषण कार्यक्रमबाट | १४६७००० |
| सडकवोड नेपाल | ४५००००० |
| गरिबसग विश्वेश्वर कार्यक्रम चालू | १९४००० |
| गरिबसग विश्वेश्वर कार्यक्रम पूजिगत | २००००० |
| स्थानीय पूर्वाधार विकास कार्यक्रम | २००००००० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ७०००००० |
| समपूरक अनूदान | १००००००० |
| गतबर्षको जिम्मेवारी | १५०००००० |
| घाटा बजेट | १००००००० |
| जम्मा | **७९३६१०००** |
| कूल जम्मा | **५०२६९५०००** |

| प्रस्तावित खर्च विवरण | |
|---|---|
| | |
| प्रस्तावित चालू खर्च | १०७९१२००० |
| पूजिगत विकास खर्च | १२५०२२००० |
| शशर्त कार्यक्रम सञ्चालनका लागि | १८१४००००० |
| सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन गर्न | ४५०००००० |
| बूहक्षेत्रिय पोषण कार्यक्रम सञ्चालन गर्न | १४६७००० |
| सडकवोर्ड नेपाल | ४५००००० |
| गरिबसग विश्वेश्वर कार्यक्रम चालू | १९४००० |
| गरिबसग विश्वेश्वर कार्यक्रम पूजिगत | २००००० |
| स्थानीय पूर्वाधार विकास कार्यक्रम | २०००००० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ७०००००० |
| समपूरक अनूदान | १००००००० |
| | |
| जम्मा | **५०२६९५०००** |

१) चालु खर्च तर्फ रु.१० करोड ८१ लाख ६ हजार (१०,८१,०६,०००)

२) पुँजिगत निर्माण खर्च तर्फ रु. १५ करोड ९७ लाख २२ हजार (१५,९७,२२,०००)

३)शर्शत अनुदान तर्फ २३ करोड ४८ लाख ६७ हजार ( २३,४८,६७,०००)

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व स्रोतबाट रु. १ करोड, १० लाख चालु आ.व.मा खर्च नभई बाँकि रहन जाने अनुमानित रकम रु. १ करोड, संघीय सरकारबाट राजस्व बाँडफाँड बापत प्राप्त हुन आएको रकम रु. ७ करोड ९१ लाख, वित्तीय समानिकरण अनुदानबाट प्राप्त हुन आएको रकम रु. १० करोड ५७ लाख र शशर्त अनुदानबाट रु. २५ करोड९७ लाख ६१ हजार प्राप्त हुन आएको । कर्णाली प्रदेश सरकारबाट समानीकरण अनुदान बापत प्राप्त भएको रकम रु १ करोड ७८ हजार र राजस्व बाँडफाँडबाट २० लाख ५६ हजार प्राप्त हुन आएको ।

- नीति तथा कार्याक्रममा उल्लेखित उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि संघीय र प्रदेश सरकारसँग प्रभावकारी समन्वय र साझेदारी गर्ने व्यवस्था मिलाइने छ । उपलब्ध पूँजी, सीप र क्षमताको सदुपयोग गर्न सहकारी र निजी क्षेत्र लगायत अन्य विकास साझेदारहरूसँग सहकार्य गरिने छ
- संघीय सरकार र प्रदेश सरकारबाट शशर्त अनुदानतर्फ प्राप्त हुन आउने बजेट तथा कार्यक्रम सोही अनुसार खर्च हुने व्यवस्था संघीय सरकारको सुत्र प्रणालीबाट मिलाईने छ ।

**सभाअध्यक्ष महोदय,**

अन्त्यमा, नारायण नगरपालीकाको नीति तथा कार्याक्रम तयारीका क्रममा निर्देशन गर्नु हुने नगर प्रमुखज्यू, नगर सभा सदस्यज्यूहरु, विषयगत क्षेत्रका विज्ञहरू, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुज्यूहरुमा हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरूमा व्यापक छलफल गरी नगरसभामा नगरसभाका सदस्यहरूले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट छलफलका क्रममा सुझाव दिनुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत नारायण नगरपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरू, विषयगत कार्यालय तथा शाखाका प्रमुखज्यूहरु, उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजीवीहरू, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, पत्रकारज्यूहरु तथा नगरभित्र र नगर बाहिर रहनु भएका सम्पुर्ण आमावुवा,दाजुभाइहरू तथादिदिबहीनिहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**